आज मिति २०८३ साल असार महिनाको ०१ गते ठीक ११:०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको ११० औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

प्रशासन शाखा प्रमुख श्री अक्लेश्वर नाथ चौधरी

का.स.श्री शोभा कुमारी फाल

मिति २०८३।०३।०१ गतेका दिन ठीक ११:०० बजे बसेको निस्दी गाउँपालिकाको ११० औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।

२,गाउँ सभाको २० औं अधिवेशन सम्बन्धमा ।

३,वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।

४,घाट बन्द सम्बन्धमा ।

५,विविध ।

मिति २०८३।०३।०१ गते बसेको निस्दी गाउँपालिकाको ११० औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो साथै देहाय बमोजिमका आयोजनाहरुको अनुगमन गरिएको र सो बारे समिक्षा गरियो ।

-सुन्तला पकेट कार्यक्रम निस्दी गा.पा.-५

२.यस निस्दी गाउँपालिकाको गाउँ सभाको २० औं अधिवेशनको पहिलो र दोस्रो बैठक मिति २०८३।०३।१० गते २:०० बजे बहुउद्येश्य सभा हल,बसेनीमा बस्ने र सो बारे सम्पूर्ण सभाका सदस्यहरु,निवर्तमान जनप्रतिनीधिहरु,राजनीतिक दलका प्रतिनीधिहरु,बुद्धिजिबी लगाएत अन्य सरोकारवालाहरुमा जानकारी गराउन र सो सभाको बैठकका लागि आवश्यक व्यवस्थापन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

३.आगामी आ.व.२०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम मिति २०८३।०३।१० गते गाउँ सभाको पहिलो बैठकमा प्रस्तुत गर्ने र सो को लागि आवश्यक सर्वपक्षीय बैठक मिति २०८३।०३।०५ गते बिहान १०:०० बजे देखि १:०० बजे सम्म बस्ने साथै गाउँ कार्यपालिकाको सबै विषयगत समितिका पदाधिकारी र शाखा प्रमुखहरुलाई सक्रिय बनाई निर्धारित समयमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४.यस निस्दी गाउँपालिका अन्तर्गतका ठेक्का र अमानत द्धारा सञ्चालनमा रहेका र अन्य घाटहरुमा नदिजन्य पदार्थ ढुङ्गा,गिट्टी,बालुवा उत्खन्न गर्ने कार्य मिति २०८३।०३।०१ देखि अर्को सूचना नभए सम्म बन्द गर्ने र सो बारे निगरानी राख्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।